आज मिति २०८१ साल चैत्र २२ गते भीरकोट नगरपालिकाका नगर प्रमुख श्री गोबिन्दकुमार कर्माचार्यज्यूको अध्यक्षतामा बसेको १२६ औं नगर कार्यपालिका बैठकको उपस्थिति निम्नानुसार छ ।

<u>उपस्थिती</u>

| नामथर | पद | दस्तखत |
|---|---|---|
| श्री गोविन्द कुमार कर्माचार्य | नगर प्रमुख | |
| श्री भगवती रेग्मी अर्याल | नगर उपप्रमुख | |
| श्री दिपेन्द्र के.सी. | वडा अध्यक्ष वडा नं. १ | |
| श्री श्यामकाजी अधिकारी | वडा अध्यक्ष वडा नं. २ | |
| श्री केशर वहादुर खड्का | वडा अध्यक्ष वडा नं. ३ | |
| श्री रत्न प्रकाश श्रेष्ठ | वडा अध्यक्ष वडा नं. ४ | |
| श्री कृष्ण_बहादुर थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| श्री लक्ष्मण खत्री क्षेत्री | वडा अध्यक्ष वडा नं. ६ | |
| श्री तारा प्रसाद अर्याल | वडा अध्यक्ष वडा नं. ७ | |
| श्री नन्दलाल खनाल | वडा अध्यक्ष वडा नं. ८ | |
| श्री चित्र बहादुर राना भुजेल | कार्यपालिका सदस्य | |
| श्री गंगा बहादुर जि. टी. | कार्यापलिका सदस्य | |
| श्री विष्णु माझी | कार्यापलिका सदस्य | |
| श्री बिन्दु खड्का | कार्यापलिका सदस्य | |
| श्री एकमाया घर्ती थापा | कार्यापलिका सदस्य | |
| श्री पार्वती के.सी. | कार्यापलिका सदस्य | |
| श्री ओम कुमारी कोइराला | कार्यापलिका सदस्य | |
| श्री खैसरा वि.क. | कार्यापलिका सदस्य | |
| श्री उदयबहादुर पराजुली | प्रमुख प्रशासकीय अधिकृत | |

# १२६औं कार्यपालिका बैठकका कार्यसूचीहरु

१. टिप्पर खरिद ।

२. धरौटी फिर्ता सम्बन्धमा ।

३. गाइभैसी पकेट क्षेत्र सम्बन्धमा ।

४. करार कर्मचारी सम्बन्धी कार्यविधि निर्माण सम्बन्धमा ।

५. विद्यालय मर्ज (कार्यविधि) सम्बन्धमा ।

६. प्रसुती भैसी भत्ता अनुदान कार्यक्रम संचालन कार्यविधि सम्बन्धमा ।

७. छाङछाङ्दी देखि झारखाम समिको बोट सम्मको ढुङ्गा गिट्टी बालुवाको पुनः टेन्डर सम्बन्धमा ।

८. स्थानीय वन ऐन सम्बन्धमा ।

९. सवारी साधन (मोटरसाइकल) खरिद सम्बन्धमा ।

१०. बयरघारी खानेपानी सम्बन्धमा ।

११. क्रसर मेसीन स्थापना गर्ने सम्बन्धमा ।

१२. पोषणमैत्री स्थानीय तह घोषणा सम्बन्धमा ।

१३. खोप कार्यक्रमको समिक्षा सम्बन्धमा ।

१४. विविध ।

# १२६ औ कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं १

भीरकोट नगरपालिकाले टिप्पर खरिदको लागि मिति २०८१/०४/२३ मा बोलपत्र आह्वान गरेकोमा बोलपत्रको अन्तिम मिति सम्म पेश भएका ३ वटा बोलपत्रहरु मध्ये Batas MAW Vehicle Commercial Pvt. Ltd. प्राविधिक परिक्षणमा अनुत्तीर्ण भएको र IME Motors Ltd. र Sipradi Trading Pvt. Ltd. सँग आर्थिक प्रस्ताव माग गरिएकोमा दुवैको रु. ४४,८९,०००/- रकम बराबर कबोल अंक प्राप्त भएको र सो कुरा सार्वजनिक खरिद कानुनमा स्वीकृत गर्ने सम्बन्धमा स्पस्ट व्यवस्था नभएको हुँदा उक्त बोलपत्र रद्द गरी दोस्रो पटक बोलपत्र आह्वान भएकोमा २०२२ मोडेलको टिप्परको मात्र बोलपत्र पेश भएको र आधुनिक मोडल (Latest Model) को टिप्पर खरिद गर्नुपर्ने भएकोले उक्त बोलपत्र प्रकृयालाई अघि नबढाई रद्ध गर्ने । दोस्रो पटकको सूचना बमोजिम पेश भएका बोलपत्रदाताहरुले राखेको धरौटी रकम नियमानुसार फिर्ता गर्ने । टिप्पर खरिदको लागि पुनः बोलपत्र आह्वानको प्रकृया अगाडी बढाउने ।

निर्णय नं २

चालू आर्थिक वर्ष २०८१/८२ मा भीरकोट नगरपालिकामा (शसर्त अनुदान तर्फको) गाई भैसी पकेट कार्यक्रम संचालनको लागि सूचना प्रकाशन गर्दा विगत आर्थिक वर्ष मा कार्यक्रम संचालन भएको भीरकोट दुग्ध उत्पादक सहकारी संस्थाको मात्र निवेदन पर्न आएको र उक्त संस्थामा २ पटक कार्यक्रम संचालन भई तेस्रो पटक सोही संस्थामा कार्यक्रम संचालन गर्न नमिल्ने भएको हुँदा पुनः सूचना प्रकाशन गरी नयाँ गाई भैसी पकेट क्षेत्र पहिचान गरी कार्यक्रम संचालन प्रकृया अगाडी बढाउने ।

निर्णय नं ३

भीरकोट नगरपालिकामा सेवा करारमा पदपूर्ति गर्नुपर्ने प्राविधिक कर्मचारीहरुको पदपूर्ती, सेवा सुविधा सम्वन्धी कार्यविधि निर्माण गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने ।

निर्णय नं ४

सामुदायिक विद्यालय समायोजन कार्यविधी- २०८१ स्वीकृत गर्ने ।

निर्णय नं ५

प्रसुति भैसी भत्ता अनुदान कार्यक्रम संचालन कार्यविधि- २०८१ स्वीकृत गर्ने ।

निर्णय नं ६

भीरकोट नगरपालिका अन्तर्गत भएर वहने आँधिखोलाको छाडछाड्दी देखि झारखाम समीको बोट सम्मको ढुङ्गा, गिट्टी बालुवा उत्खनन्, बिक्री वितरणको लागि दुई पटक सम्म बोलपत्र आह्वान गर्दा कुनै बोलपत्र दाताहरुको निवेदन नपरेको हुँदा संघीय, प्रदेश कानूनको प्रतिकुल नहुने गरी नगरपालिकाबाट आवश्यक व्यवस्था मिलाउने ।

निर्णय नं ७

भीरकोट नगरपालिकाको स्थानीय वन ऐन- २०८१ तयार गरी स्वीकृतिको लागि आगामी कार्यपालिका/नगरसभामा पेश गर्ने ।

निर्णय नं ८

भीरकोट नगरपालिका कार्यालयका जनप्रतिनिधि र कार्यरत प्राविधिक कर्मचारीहरुलाई कार्य सम्पादनको लागि मौजुदा सवारीसाधन पर्याप्त नभएको हुंदा २ थान सवारी साधन (मोटरसाइकल/स्कुटर) खरिद गर्ने।

निर्णय नं ९

भीरकोट नगरपालिका वडा नं १ बयरघारीमा संचालित श्री बयरघारी खानेपानी तथा सरसफाई आयोजना उपभोक्ता समितिले पेश गरेको आर्थिक सहायता माग सम्वन्धी निवेदनमा छलफल गरियो ।

निर्णय नं १०

भीरकोट नगरपालिकाले स्थापना गरेको ग्रिजी स्क्रिनिङ भाइब्रेटर मेसिनबाट प्रशोधन हुन नसकी बाँकी रहेको नदीजन्य निर्माण सामाग्री फुटाई/प्रशोधन गर्न क्रसर मेसिनको आवश्यकता देखिएकोले उक्त स्थानको वरपर क्रसर मेसिन स्थापना गर्नको लागि संघीय/प्रदेश कानूनको प्रतिकुल नहुने गरी ऐन कानून निर्माण प्रकृया थालनी गर्ने ।

निर्णय नं ११

चालू आर्थिक वर्ष २०८१/८२ मा नेपाल सरकारबाट मृगौला प्रत्यारोपण गरेका, डायलासिस गराइरहेका, क्यान्सर रोगी र मेरुदण्डको पक्षघात भएका विरामीहरुलाई मासिक रुपमा दिइने औषधी उपचार खर्च (मासिक रु. ५०००) उपलब्ध गराउनका लागि विनियोजन भएको रकम रु. ४५०००० ले मिति २०८१/०७/२८ मा प्रकाशित सूचना अनुसार निवेदन पेश गरेका विरामीहरुलाई २ महिनाको मात्र औषधि उपचार खर्च भुक्तानि गर्न पुग्ने हुँदा सोही बमोजिम भुक्तानी गरी नपुग रकम स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा माग गर्ने ।

निर्णय नं १२

भीरकोट नगरपालिका अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरुलाई पोषणमैत्री स्वास्थ्य संस्था बनाउन आवश्यक पर्ने औषधी र  स्वास्थ्य सम्बन्धी उपकरणहरु खरिद गरी नगरपालिकालाई पोषण मैत्री स्थानीय तह बनाउने । उक्त कार्यक्रममा पोषण मैत्री स्थानीय तह शासन प्रवर्द्धन शिर्षकमा विनियोजन भएको रु.३००००० (अक्षेरुपी तिन लाखमात्र) बजेट फुकुवा भएपछि नियमानुसार सम्वन्धित शीर्षकमा खर्च गर्ने।

निर्णय नं १३

विगत आर्थिक वर्ष र चालू आर्थिक वर्ष को ६ महिनाको नियमित खोप सुदृढीकरण पूर्ण खोप सुनिश्चितता र दिगोपना तथा योजना अद्यावधिक र सरसफाई प्रवर्द्धन कार्यक्रमको समिक्षा गरियो । पूर्ण खोप सुनिश्चितताको लागि स्वास्थ्य शाखा र नगरपालिकाको कर्मचारीबाट सुलभ सर्वेक्षण गर्ने ।

निर्णय नं १४

ग्रिजी भाइब्रेटिङ मेसिनमा प्रयोग हुने मेसिनरी औजारहरु (स्काभेटर, डोजर, लोडर, टिप्पर, ट्याक्टर) को कामको विवरण प्राविधिक मुल्याङ्कन, प्रयोग हुने इन्धन, मर्मत-संभार, आम्दानी/खर्च तथा ताहाँ कार्यरत कर्मचारीहरुको व्यवस्थापन समेतका कार्यहरु गर्नको लागि प्राविधिक शाखालाई जिम्मेवारि दिने ।

निर्णय नं १५

भीरकोट नगरपालिका वडा नं १ स्थित भीरकोट दुग्ध उत्पादक सहकारी संस्था लिमिटेडले विभिन्न स्थानहरुबाट किसानहरुले उत्पादन/संकलन गरेको दुध ढुवानी गराए वापत दुग्ध उत्पादक सहकारी संस्थाको सिफारिसमा ढुवानीकर्ता संग सम्झौता गरी दुध ढुवानी सम्बन्धी खर्च शीर्षकमा विनियोजन भएको रकम रु. ७५०००० मध्येबाट मासिक रु. ५५००० का दरले (२०८१ श्रावणदेखि) दुध ढुवानी खर्चबापत भुक्तानी दिने ।

निर्णय नं १६

भीरकोट नगरपालिका वडा नं ४ स्थित भीरकोट पार्क परिसरमा निर्माण गर्न लागिएको ताल निर्माणको योजनालाई वहुवर्षीय योजना अन्तर्गत राखि यस वर्ष कार्य सुरु गर्ने र आगामी बर्ष सम्पन्न गर्ने गरी आगामी वर्ष समेत स्रोत सुनिश्चित गरी निर्माण गर्ने ।

निर्णय नं १७

भीरकोट नगरपालिकाको कृषक सम्मान मापदण्ड, २०८१ र सार्वजनिक सेवाको मापदण्ड, २०८१ स्वीकृत गर्ने ।

निर्णय नं १८

भीरकोट नगरपालिका वडा नं ७ मूलपानी स्थित आयुर्वेद औषधालय र योग भवनको निर्माणका लागि सम्वन्धित निकायमा सिफारिस गर्ने ।

निर्णय नं १९

भीरकोट नगरपालिका वडा नं ४ को प्रशासनिक भवन (वडा कार्यालय) निर्माणका लागि आर्थिक अभाव, समय अभाव हुनुका साथै वडा समितिबाट समयमै जग्गा छनौट गरि सिफारिस भई नआएकोले चालू आर्थिक वर्षमा वडा कार्यालय भवन निर्माण प्रकृया अगाडी नबढाउने ।

निर्णय नं २०

भीरकोट नगरपालिका अन्तर्गतका रहेका भूमिहिन दलित, भूमिहिन सुकुमवासी र अव्यवस्थित बसोवासी हरुको लगत संकलन गर्नका लागि भूमि समस्या समाधान स्याङजावाट लेखि आएवमोजिम सूचना प्रकाशन गर्ने र उक्त कार्य गर्न प्रशासन शाखा अन्तर्गत एक इकाई स्थापना गर्ने ।

**निर्णय नं २१**

आ.व. २०८१/८२ को साउन, भदौ, असोज महिनामा परेको अविरल वर्षा बाढी पहिरोको कारण भीरकोट नगरपालिका क्षेत्रभित्रका ग्रामिण सडकहरु पूर्ण रुपले बन्द हुन पुगेकोले र उक्त समय नेपाली चाडपर्वको समय भएको कारण बढी आवत-जावतको समेत भएकोले अवरुद्ध भएका ग्रामिण सडकहरु तत्काल खोल्न डोजर (मेसिन) प्रयोग गरिएको र तत्कालिन समयमा गरिएका बाटो खोल्ने सम्वन्धी कामको भुक्तानीको लागि तत्काल प्रमुख प्रशासकीय अधिकृत नभएकोले भुक्तानी प्रकृयालाई अगाडी बढाउन नसकिएको हुँदा उक्त समयमा भएको ग्रामिण बाटो सरसफाई बापतको भुक्तानीको लागि पेश भएका बिल भरपाईहरु हेरी जाँची रकम एकिन गरी डोजरको कार्य घण्टा, प्राविधिक मूल्याङ्कन, वडा कार्यालयको सिफारिस, अनुगमन प्रतिवेदनको आधारमा भुक्तानी प्रकृया अगाडी बढाउने ।

**निर्णय नं २२**

आ.व. २०८१/८२ को साउनदेखि हालसम्म कार्यालयको स्वामित्वमा रही कार्यालयमै प्रयोग भएका हलुका सवारी साधन/ हेभी सवारी साधनका (एम्वुलेन्स, स्काभेटर, ब्याक हो लोडर समेत) मर्मत गर्नुपर्ने भई ग्यारेजमा पठाउनु पूर्व मर्मत आदेश दिने अधिकारी तत्कालिन अवस्थामा उपलब्ध नभएको कारण नगर प्रमुखज्यूको मौखिक आदेश अनुसार विभिन्न मितिमा विभिन्न फर्महरुमा मर्मत गर्न पठाइएकोमा पछि उक्त मितिका विल भरपाईहरु हाल भुक्तानीको लागि प्राप्त भएको हुँदा तत्कालिन अवस्थामा प्रमुख प्रशासकीय अधिकृतवाट खरिद, मर्मत आदेश नभएको कारण PAMS मा प्रविष्टी गर्न समेत समस्या भएकोले कैफियत जनाई हालकै मिति राखि प्रविष्टी गर्ने र विल भरपाई जाँची वुझी हेरी मर्मतको लगवुकको आधारमा भुक्तानी प्रकृयालाई अगाडी वढाउने ।

**निर्णय नं २३**

आ.व. २०८१/८२ को साउनदेखि हालसम्म कार्यालयको प्रयोजनको लागि जिन्सी शाखाबाट विभिन्न मितिमा खरिद भएका प्रमुख प्रशासकीय अधिकृतको आदेश भएको र प्रमुख प्रशासकीय अधिकृतको अनुपस्थिति र रिक्त भएको अवस्थामा कार्यालयको कार्य सम्पादनका लागि आवश्यक भई विभिन्न फर्म, कम्पनीवाट खरिद भएका कार्यालय सम्वन्धी सामानहरु, मसलन्द लगायत खर्च हुने र नहुने सामानहरु र मेसिनरी सामान (कम्प्युटर, ल्यापटप प्रिन्टर समेत) मर्मतको भुक्तानी आ.व. २०८१/८२को साउन देखी नै बाँकी रहेको हुँदा उक्त भुक्तानी दिनुपर्ने रकमको सम्वन्धमा विभिन्न फर्मवाट विल भरपाईहरु हाल भुक्तानीको लागि प्राप्त भएको हुँदा तत्कालिन अवस्थामा प्रमुख प्रशासकीय अधिकृतवाट खरिद, मर्मत आदेश नभएको कारण PAMS मा प्रविष्टी गर्न समेत समस्या भएकोले कैफियत जनाई हालकै मिति राखि प्रविष्टी गर्ने र विल भरपाई जाँची वुझी हेरी उक्त व्यहोरा खुलाई दाखिला रिपोर्ट समेतको आधारमा भुक्तानी प्रकृयालाई अगाडि वढाउने ।

**निर्णय नं २४**

आ.व. २०८१/८२ को साउनदेखि हालसम्म विभिन्न मितिमा डोजर, लोडर, टिप्पर, एम्बुलेन्स, हलुका सवारी साधन हरुमा प्रयोग भएको सवारी इन्धन भुक्तानी गर्न बाँकी रहेको हुँदा भीरकोट स्थित श्रेष्ठ पेट्रोल पम्पबाट भुक्तानीको लागि प्राप्त भएका इन्धन रकमको विल भरपाईहरु लगबुक र कार्यालयको जिन्सीमा रहेका खाता र इन्धन खरिदको कुपनको आधारमा हाल उक्त श्रेष्ठ पेट्रोल पम्पलाई भुक्तानी

निर्णय नं २८

आगामी आ.व. २०८२/८३ मा गण्डकी प्रदेश सरकारबाट प्राप्त हुने समपुरक र विशेष अनुदान तर्फ देहायबमोजिमका योजना तथा कार्यक्रमहरु छनौट गरी गण्डकी प्रदेश नीति तथा योजना आयोगको च.न. ४९४ मिति २०८१/१२/१३ को पत्रबाट माग भए बमोजिम तपसिल बमोजिमको प्राथमिकता तोकी पठाउने निर्णय गरियो ।

देहाय

| क स | प्रदेश समपुरक अनुदान तर्फ |
|---|---|
| | योजनाको नाम |
| १. | जोगखोला विरखोला हुदै वजादी पेल्काचौर |
| २. | मूलपानी आयूर्वेद औषधालय देखि वडा नं ७ को वडा कार्यालय हुँदै तिसेदी जाने सडक |
| ३. | बानेथोक भञ्याङ देखि रिजु हुँदै रोजिखोला सडक |

| क स | प्रदेश विषेश अनुदान तर्फ |
|---|---|
| | योजनाको नाम |
| १. | जोगखोला वसेक हुँदै डाँडाकोट वानेथोक सडक |
| २. | पकान समिडाँडाको मन्दिर चोक देखि तिलाहर नेटा सडक |
| ३. | सिमलचौर देखि आमडाँडा हुँदै तिसेदी सडक |